# स्वर्गद्वारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्यूठान

५ नं. प्रदेश, नेपाल

२०७३

सम्पर्क नं. ०८६-४००१०१,
-४००११६
-४००११५

प.स. ०७६/७७

च.न.

## कर तथा शुल्क उठाउने सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०७६।०५।११ गते)

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी स्वर्गद्वारी नगरपालिका क्षेत्रबाट **दुंगा गिट्टि, वालुवा उत्खनन तथा निकासीको** लागी आ.व. ०७६/०७७ मा संकलन तथा निकासी गर्नको लागि निम्न लिखित वस्तुहरुमा ठेक्का उठाउने वन्दोवस्त गर्न इच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकवाट वढावढ गरी स्वर्गद्धारी नगरपालिकाको कार्यालय भिंगृ प्यूठानमा रितपूर्वक शिलवन्दी दरभाउपत्र पत्र आब्हावनको सूचना प्रकाशन गरिएकोमा तोकिएको समायावधि सम्ममा कुनै पनि दरभाउ पत्र पेश हुन नआएको हुदा मिति २०७६/०५/१० गतेको कार्यापालिका वैठकको निर्णय अनुसार दोस्रो पटकको लागि यो सूचना प्रकासन गरिएको छ ।

**शर्तहरु :**

१. दरपाउपत्र लिन इच्छुक व्यक्तिहरुले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी रु १००० को फर्म दस्तुर तिरी ( पछि फिर्ता नहुने गरी ) यस कार्यालयबाट खरिद गर्न सक्नु हुनेछ ।

२. दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ठेक्का नं. १ को लागि १५ औ दिन कार्यालय समय भित्र बोलपत्र फारम यस कार्यालयबाट प्राप्त गरि १६ औ दिनको १२.०० बजे भित्र सम्ममा यस कार्यालयमा प्रस्ताब दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका प्रस्ताबहरु सोही दिनको १४.०० बजे प्रस्ताबकहरु बा निजहरुको आधिकारीक प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । प्रस्ताबदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थित नभए पनि प्रस्ताब खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउ पत्रमा निर्धारित न्युनतम अंक नघटने गरि कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ । रित नपुगेको वा म्याद नाघी आएको प्रस्ताब उपर कुनै कारबाही हुने छैन ।

४. प्रस्ताब दर्ता गर्ने र खोलिने दिन सार्बजनिक बिदा परेमा त्यस पछि लगत्तै कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिनेछ

५. सबै भन्दा बढि रकम कबोल गर्ने दरभाउपत्रदाताको कबोल अंक स्वीकृत गरिनेछ । स्वीकृत दरभाउपत्र दाताले संझौता हुनु पूर्ब कबोल अंकको ५० प्रतिशत नगद दाखिला र बाकी ५० प्रतिशत रकम बराबरको बैक जमानत पत्र दाखिला गरेपछि मात्र कार्यादेश दिईनेछ । संझौता बखत ठेक्का अंकको सम्पूर्ण रकम बुझाउनेलाई १० प्रतिशत छुट दिईने छ । अन्य कुरा संझौतामा उल्लेख गरे अनुसार हुनेछ ।

६. सिलबन्दी दरभाउपत्रको साथ आफुले कबोल गरेको अंकको कम्तीमा ५ प्रतिशतले हुन आउने रकम यस स्वर्गद्धारी नगरपालिकाको कृषि विकास वैकमा रहेको धरौटी खाता नं ०९२४३००९८२६१८०४५ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

७. सिलबन्दी दरभाउ पत्र रहेको खामको बाहिर आफ्नो नाम थर ठेगाना स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

८ प्रस्ताब स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

९. म्याद नाघि वा रित नपुगी वा कुनै शर्त उल्लेख गरिएको दरभाउ पत्र उपर कुनै कारबाही हुने छैन ।

१०. एक स्थानमा कर बुझाएको रसिद पेश गरेमा सोही बस्तुमा पुन: कर लिन पाईने छैन ।

११. प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर आदी ठेक्का लिने पक्षले नै बुझाउनु पर्नेछ ।

१२. कानुन बमोजिम निषेधित क्षेत्रबाट कर उठाउन पाईने छैन ।

१४. यस सूचनामा कुनै कुरा छुट भएमा वा सच्चाउनु पर्ने भएमा पुन सूचनामार्फत जानकारी गराईन्छ । अन्य बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. यस सम्वन्धिको विस्तृत विवरण यस कार्यालयको वेभ साइटवाट जानकारी लिन सकिनेछ ।

## तपसिल

| सि.न. | ठेक्का नं. | काम/ठेक्काको विवरण | न्यूनतम कवोल अंक | कैफियत |
|---|---|---|---|---|
| १ | ०१।०७६।०७७ | ढुंगा, गिट्टि, वालुवा जस्ता नदि जन्य पदार्थ संकलन उत्खनन कार्य– स्वर्गद्धारी नगरपालिका क्षेत्र भएर बग्ने माडी र आसपासका क्षेत्र ( लामाचौर, जुडापाटा, कागपाती खोला, घुष्टुङ्ग, गोठीबाङ्ग, बाफिपुर, जिम्मुरपाटा, सोत्रे, उपल्लो नल्सी, जलुके, सोड(वलाङ्ग), किमिचौर, दोमही लगाएतका क्षेत्रहरु) | १६,००,००० | शिलवन्दी दरभाउ पत्र खोलिने दिन १६ औ दिनको १४:०० वजे |

प्रेम प्रसाद आर्चाय
प्रमुख प्रशासकिय अधिकृत